श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम, पुल्चोक ललितपुर

**इजलास**

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी

लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाई

**फैसला**

२०७८/०७९ सालको निर्णय नं. २७४

पुनरावेदन नं. ०७६-RB-०१००

| | |
|---|---|
| ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.२ चौधरी हाउस सानेपामा प्रधान कार्यालय रहेको सि.जि.फुड्स (नेपाल) प्रा.लि.का अख्तियार प्राप्त टिका राज कार्की...१ | पुनरावेदक /प्रतिवादी |

**विरुद्ध**

| | |
|---|---|
| सुख्खा बन्दरगाह भन्सार कार्यालय,सिर्सिया पर्सा..............................................१<br>मुल्याङ्कन तथा पुनरावलोकन समिति,त्रिपुरेश्वर काठमाडौ...................................१ | प्रत्यर्थी/ वादी |

**मुद्दा : कारोबार मुल्य निर्धारण (M१८३५७)।**

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्सा

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख भन्सार अधिकृत श्री सूर्य प्रसाद सेडाई

शुरु निर्णय मिति : २०७५/०७/०९

**पुनरावलोकन निर्णय गर्ने निकायः-**

निर्णय गर्ने निकायः- मूल्याङ्कन पुनरावलोकन समिति,त्रिपुरेश्वर काठमाडौ

निर्णय गर्ने अधिकारीः- अध्यक्ष श्री निर्मलहरी अधिकारी

सदस्य श्री शिवप्रसाद भण्डारी
सदस्य श्री तर्कराज भट्ट

निर्णय मितिः २०७६/०५/०९

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्धान अधिवक्ता श्री मेघराज पोखरेल

प्रत्यर्थीको तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री बिमला गौतम

**अबलम्बित नजीरः** ने.का.प.२०७३, भाग ५८ अंक १, नि.नं.९५२८

यसमा मुल्यांकन पुनरावलोकन समितिबाट भएको मिति २०७६।०५।०९ मा भएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ (१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दा यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुंदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य तथा न्यायाधिकरणको ठहर यस प्रकार छः-

**मुद्दाको तथ्य**

१. सि.जि.फुड्स(नेपाल) प्रा.लि. स्थायी लेखा नं.३०००१०२८२ ले भियतनामबाट प्रज्ञापनपत्र नं. **M18357** मिति १०/०९/२०१८ को विजक संख्या **398/2018** बाट **VIETNAMESE WHITE PEPPER 630 G/L & VIETNAMESE BLACK PEPPER 550 G/L** पैठारी गरी ल्याउँदा कारोबार मूल्य निर्धारणका लागी मिति २०७५/७/०५ मा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (३) बमोजिम कारोबार मूल्य घोषणा गरेको ।

२. निजले बिजकमा उल्लेख गरेको मालवस्तुको मूल्य, अन्य पैठारीकर्ताले घोषणा गरेको **Asycuda Database** तथा अन्य सूचना प्रणाली तथा लोकल मूल्य भन्दा कम मूल्यमा निजले घोषित गरेको मूल्य नै वास्तविक मूल्य हो भनी प्रमाणित गर्ने अन्य थप कागजात तथा प्रमाणहरु पेश गर्न च.नं. ७१६ मिति २०७५/०७/०५ मा पत्राचार गरिएकोमा मिति २०७५।०७।०७ मा जवाफ सहित थप कागजात तथा प्रमाण पेश भएको।

३. पैठारीकर्ताले घोषणा गरेको मूल्यलाई बास्तविक मूल्य मान्न सकिने र सो मूल्यको सत्यता पुष्टी हुन सकेको अवस्था नभएको, मुल्यांकनका लागि प्राप्त भएको मालवस्तु जस्तै चारित्रिक गुण भएको **VIETNAMESE WHITE PEPPER 630 G/L & VIETNAMESE BLACK PEPPER 550 G/L** भियतनाम तथा अन्य देशबाट पैठारी हुंदा विल विजकको मालवस्तुको प्रति इकाई मूल्य क्रमशः **USD 4730.00 & USD 3700.00** कायम गरी बिजक मूल्य **USD 57,820.00** मा वृद्धि भएको मूल्य **USD 13740.00** जोडी जम्मा विजकको मूल्य **USD 71,450.00** मा भाडा रु.७१,५००।— र अन्य खर्च रु.१५,०००।— समावेश गरी भन्सार ऐन,२०६४ को दफा १३ को उपदफा (९) बमोजिम भन्सार मूल्य निर्धारण गरी सोही दफाको उपदफा १५(क)

बमोजिम मालवस्तु जांचपास हुने गरी सुख्खा बन्दरगाह भन्सार कार्यालय सिर्सिया, पर्साबाट मिति २०७५।७।९ मा भएको निर्णय।

४. सुख्खा बन्दरगाहा भन्सार कार्यालयको मिति २०७५/७/९ को निर्णयमा चित्त नबुझाई पैठारी कर्ता सि.जि. फुड्स (नेपाल) प्रा.लि.तर्फबाट अख्तियार दिई मूल्याङ्कन पुनरावलोकन समिति समक्ष मिति २०७५/७/२० मा मूल्य पुनरावलोकनका लागी पेश गरेको निवेदन ।

५. सि.जि.फुड्स (नेपाल) प्रा.लि.ले पैठारी गरेको मरिचको कारोबार मूल्य वृद्धि गरी सेतो मरिचको **USD** ४७३०।— तथा कालो मरिचको ३७००। प्रति मे.टन. कायम गर्ने गरी गरेको निर्णय आसिकुडा अभिलेखबाट प्राप्त तथ्यांकसंग मिल्दो जुल्दो रहेको र यस्तो तथ्यांक नब्बे दिनभित्र कै रहेको निजले घोषणा गरेको कारोबार मूल्य वास्तविक मूल्य हो भन्ने अवस्था नदेखिएको हुँदा सुख्खा बन्दरगाहा भन्सार कार्यालयले गरेको निर्णय सदर हुने ठहर्छ भन्ने मूल्याङ्कन पुनरावलोकन समितिको मिति २०७६/०५/०९ को निर्णय ।

६. पुनरावेदक पैठारीकर्ताले प्रज्ञापनपत्र नं. **M18357** मिति २०७५/७/५ मा पैठारी गरेको **VIETNAMESE WHITE PEPPER 630 G/L & VIETNAMESE BLACK PEPPER 550 G/L** को विक्रेतालाई **LC** को माध्यमबाट वास्तविक तिरेको मूल प्रमाणित गर्न कम्पनीले **Black Pepper** एंव **White Pepper** को मुल्य खुल्ने **Petrolimex International Trading joint stock Company (PITCO) Vietnam** बाट जारी भएको **price list, proforma Invoice,Standard Chartered Bank Limited** को **LC** तथा विक्रेताको **commercial Invoice Insurance, Bill Of ladding** समेतको कागजातहरु साथै तेस्रो मुलुकबाट पैठारी सम्बन्धि घोषणा पत्र, सम्पूर्ण कागजातहरु बाट विक्रेतालाई कम्पनीले तिरेको मुल्य प्रमाणित भइरहेको अवस्थामा ईन्भ्वाइस लगायतका कागजातमा उल्लेख भएको रकम भन्दा बढी रकम कम्पनीले विक्रेतालाई तिरेको नभई वास्तविक भुक्तानी गरेको मुल्यलाई विना आधार मान्यता नदिइएको कारोबार मुल्यलाई पुष्टि हुने आवश्यक कागजातहरु संलग्न गरेको भएतापनि आसिकुडा अभिलेखबाट देखिएको सन्दर्भमा पैठारीकर्ताले पेश गरेको कागजातहरुबाट कारोबार मूल्य निर्धारणका सम्बन्धमा घोषणा गरेको मूल्यलाई बास्तविक कारोबार मूल्य भन्न नसकि शुरु भन्सार कार्यालयको मिति २०७५।०७।०९ को निर्णय र सो निर्णयलाई सदर गर्ने गरि मुल्याङंकन पुनरावलोकन समितिबाट मिति २०७६।०५।०९ को निर्णय कानुन विपरित हुदाँ सो निर्णय बदर गरी ईन्भ्वाइस समेतमा उल्लेखित मुल्यलाई वास्तविक मुल्य र मुल्यांकन कायम गरी भन्सार प्रज्ञापन पत्र अनुसारको धरौटी रहेको रकम फिर्ता गरी इन्साफ पाउँ भन्ने व्यहोराको पैठारीकर्ताबाट मिति २०७६।०८।०२ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदनपत्र ।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० (३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालय काठमाडौलाई पेशीको सूचना दिई पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६/११/०७ मा भएको आदेश ।

## <u>ठहर खण्ड</u>

८. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री मेघराज पोखरेलले पुनरावेदक पैठारीकर्ताले प्र.द.नं. १८३५७ बाट

आयात गरेको **VIETNAMESE WHITE PEPPER 630 G/L & VIETNAMESE BLACK PEPPER 550 G/L** को घोषणा गरेको कारोबार मूल्य भन्दा बढी मुल्य कायम गरिएको, पेश गरिएको कागजात प्रमाण समेत नलिइएको, भन्सार अधिकृतले बाध्यात्मक रुपले पालना गर्नुपर्ने भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (७) लगायतको उचित प्रक्रिया पालना गरिएको छैन। पैठारीकर्तलाई घोषणा गरेको मुल्य अमान्य गर्नु पर्नाको कारण सहितको सूचना समेत दिइएको छैन। त्यसैले भन्सार अधिकृतको गैरकानूनी निर्णयलाई समर्थन गर्ने गरी मुल्यांकन पुनरावलोकन समितिबाट भएको निर्णय समेत बदरभागी भएकोले बदर गर्नुपर्दछ भनि प्रस्तुत गर्नुभएको बहस समेत सुनियो।

९. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्धान सहायक न्यायाधिवक्ता श्री बिमला गौतमले पुनरावेदकले भियतनामबाट कालो मरिच र सेतो मरिच आयात गर्दा आफुले पैठारी गरेको मालवस्तुको कारोबार मुल्य कै आधारमा भन्सार घोषणा गर्नुपर्ने हुन्छ। यसरी पैठारी भएको मालवस्तु के कुन आधारमा आएको हो भन्ने हेरी मुल्य कायम गर्दा आशिकुडा डाटावेश कै आधारमा गरिएको छ। भन्सार ऐन २०६४ को दफा १३ को उपदफा (९) बमोजिम भन्सार मूल्य निर्धारण गरी भएको शुरु कार्यालयको निर्णय सदर कायम हुनु पर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

१०. उपर्युक्त बमोजिमको तथ्य एंव पुनरावेदन जिकीर रहेको प्रस्तुत मुद्दामा दुवै पक्षको बहस सुनी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा शुरु सुख्खा बन्दरगाह भन्सार कार्यालयका भन्सार अधिकृतबाट भएको मिति २०७५/०७/०९ को निर्णय र उक्त निर्णय नै सदर गर्ने मुल्यांकन पुनरावलोकन समितिको निर्णय समेत मिलेको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

११. निर्णयतर्फ विचार गरी मिसिल अध्ययन गर्दा पुनरावेदक पैठारीकर्ताले प्र.द.नं.१८३५७ बाट पैठारी गरेको मालवस्तुको मिति २०७५।७।५ मा घोषणा गरेको कारोबार मुल्यलाई अमान्य गरी भन्सार ऐन, २०६४ को दफा १३ (९) बमोजिम शुरु भन्सार अधिकृतले निर्धारण गरेको कारोबार मुल्य कानुन संगत रहे नरहेको प्रश्न नै मुख्य रुपमा निरोपण गर्नुपर्ने देखिन आउँछ। प्रस्तुत मुद्दामा पुनरावेदक पैठारीकर्ताले यस न्यायाधिकरणमा पुनरावेदन गर्दा कानुन बमोजिम राख्नुपर्ने धरौटी रकमको सम्बन्धमा सहकर्मी लेखा सदस्यले फरक मत राख्नु भएको हुंदा सर्वप्रथम यसै प्रश्नमा विचार गर्नुपर्ने देखिन आयो।

१२. राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को दफा (१) मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा वा उच्च अदालतमा पुनरावेदन गर्दा देहाय बमोजिम धरौट नराखी पुनरावेदन लाग्ने छैन भन्ने व्यवस्था गर्दै खण्ड (ख) मा भन्सार महसुल वा अन्तः शुल्क निर्धारण भएकोमा निर्धारित भन्सार महसुल वा अन्तःशुल्कको रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा दुवै रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा भन्ने कानुनी व्यवस्था गरिएको पाइन्छ। प्रस्तुत मुद्दाको पुनरावेदन पत्रको पहिलो प्रकरणमा पुनरावेदक पैठारीकर्ताले भन्सार महसुल तथा मु.अ.कर पुरै

रकम धरौटी राखी सामान जांचपास गराएको हुंदा थप धरौटी राख्न पर्ने अवस्था नभएको हुंदा सो को निस्सा समेत साथै राखी पुनरावेदन पत्र दायर गरेको भन्ने व्यहोरा उल्लेख गरेको देखियो। उक्त व्यहोरालाई भन्सार ऐन, २०६४ को दफा ६२ को उपदफा (२) मा उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले जुन निर्णय वा आदेशका विरुद्ध पुनरावेदन गर्ने हो त्यस्तो निर्णय वा आदेश बमोजिम लाग्ने महसुल र दण्ड जरिवानाको रकम सम्बन्धित भन्सार कार्यालय वा भन्सार जांचपास परीक्षण कार्यालयमा बुझाइ वा धरौटी राखी पुनरावेदन गर्न सक्नेछ भन्ने कानुनी व्यवस्थाको रोहमा हेर्दा पैठारीकर्ताले प्र.द.नं.१८३५७ बाट पैठारी गरेको मालवस्तुको शुरु भन्सार अधिकृतले मिति २०७५।७।९ मा भन्सार ऐन, २०६४ को दफा १३ (९) बमोजिम कारोबार मुल्य रु.४,८३,७३७।— निर्धारण गरेको र उक्त रकम मिति २०७५।७।९ मा नै पैठारीकर्ताले सुख्खा बन्दरगाह भन्सार कार्यालय पर्सामा दाखिल गरेको मिसिल संलग्न प्रज्ञापन पत्रबाट देखिंदा प्रस्तुत मुद्दामा पुनरावेदक पैठारीकर्ताले राजस्व न्यायाधिरण ऐन, २०३१ को दफा ९ (१) (ख) तथा भन्सार ऐन,२०६४ को दफा ६२ (२) को परिपालना नगरेको भन्नु न्यायोचित हुने देखिएन।

१३. अब भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (९) बमोजिम भन्सार अधिकृतले कारोबार मुल्य निर्धारण गरेको निर्णय कानुन सम्मत रहे नरहेको के रहेछ भनी हेर्दा पैठारीकर्ताले भियतनामबाट **VIETNAMESE WHITE PEPPER 630 G/L & VIETNAMESE BLACK PEPPER 550 G/L** आयात गरेकोमा पुनरावेदकले घोषणा गरेको कालो मरिच मूल्य प्रति क्यारेट **USD** 2770 र सेतो मरिच मूल्य प्रति क्यारेट **USD** 3895 को **Invoice** मुल्यलाई मान्यता नदिई भन्सार अधिकृतले कालो मरिचको प्रति क्यारेट USD ३७०० र सेतो मरिचको प्रति क्यारेट USD ४७३० कारोबार मुल्य निर्धारण गरेको पाइयो।

१४. भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (६) मा पैठारीकर्ताले उपदफा (३) बमोजिम घोषणा गरेको मुल्य शंकास्पद छ भन्ने विश्वास गर्नुपर्ने मनासिव कारण भएमा भन्सार अधिकृतले निजसंग त्यस्तो मुल्य वास्तविक कारोबार मुल्य हो भनी प्रमाणित गर्ने थप कागजात वा प्रमाण लिखित रुपमा माग्न सक्नेछ। त्यसरी माग भएका कागजात उपलब्ध गराउने जिम्मेवारी त्यस्तो पैठारीकर्ताको हुनेछ भन्ने कानुनी व्यवस्था रहेको सन्दर्भमा प्रस्तुत मुद्दामा भन्सार अधिकृतले मिति २०७५।०७।०५ मा र मुल्यांकन पुनरावलोकन समितिले मिति २०७५।८।१९ मा पैठारीकर्तासंग त्यस्ता कागजात माग गरेको मिसिलबाट देखियो। पैठारीकर्ताले पनि आवश्यक कागजात मिति २०७५।९।४ मा पेश गरेको देखिन आउँछ। ततपश्चात भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (७) मा रहेको पैठारीकर्ताले उपदफा (३) बमोजिम घोषणा गरेको कारोबार मुल्य वा पेश गरेको विल, वीजक र कागजातको आधारमा कुनै मालवस्तुको भन्सार मुल्य निर्धारण हुन नसकेमा त्यसको कारण सहितको सूचना भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई दिनुपर्नेछ भन्ने कानुनी व्यवस्था अनुसारको प्रक्रियामा जानुपर्ने देखिन्छ। यो प्रक्रिया भन्सार अधिकृतको स्वविवेकाधिकार नभई बाध्यात्मक रुपले पालना गर्नुपर्ने पैठारीकर्ताको प्राकृतिक न्यायको सिद्वान्त द्वारा प्रदत्त अधिकार प्रत्याभूत गर्ने सूचनाको अधिकार देखिन आउँछ। प्रस्तुत

मुद्दामा भन्सार अधिकारले उक्त दफा १३ को उपदफा (७) बमोजिमको कारण सहितको सूचना पैठारीकर्तालाई दिएको मिसिलबाट देखिन आएन।

१५. यस्तै प्रश्न समावेश रहेको भन्सार मुल्याङकन धरौट फिर्ता मुद्दामा श्री सर्वोच्च अदालतबाट "पैठारीकर्तालेे घोषणा गरेको मूल्यलाई अस्वीकार गरी सोभन्दा बढी मूल्य कायम गर्दा आर्थिक अध्यादेश, २०६१ को अनुसूची १ को दफा ७ को उपदफा ५ बमोजिम पैठारीकर्ता कम्पनीलाई दिनुपर्ने कारण सहितको सूचना समेत दिएको नदेखिंदा मुल्य निर्धारण सम्बन्धी निर्णयमा कानुनले निर्धारण गरे बमोजिमको कार्यविधि वा प्रक्रिया पुरा गरिएको भन्ने देखिन नआउने भनी सिद्वान्त समेत प्रतिपादन भएको (ने.का.प.२०७३ भाग ५८ अंक १ नि.नं.९५२८) देखिन्छ। उक्त प्रतिपादित सिद्वान्त समेतको आधारमा प्रस्तुत मुद्दामा शुरु भन्सार अधिकृतले कानुन बमोजिमको उचित प्रक्रिया पुरा नगरी मुल्य निर्धारण गरेको र सो निर्णयलाई मुल्यांकन पुनरावलोकन समितिले समेत सदर गरेको देखिंदा त्यस्तो कानुनी त्रुटीपूर्ण निर्णय बदर गरी राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(२) बमोजिम कानुन बमोजिमको प्रक्रिया पुरा गरी पुनः निर्णय गर्नु भनि फाइल शुरु सुख्खा बन्दरगाह भन्सार कार्यालय सिर्सिया पर्सामा पठाउनुपर्ने देखियो।

१६. तसर्थ माथि विवेचना गरिएको आधार र कारणबाट पुनरावेदकले प्रज्ञापन पत्र नं. M१८३५७ बाट पैठारी गरेको मालवस्तुको कारोबार मुल्यलाई अमान्य गरी भन्सार ऐन,२०६४ को दफा १३ को उपदफा (९) बमोजिम मुल्य निर्धारण गर्दा शुरु सुख्खा बन्दरगाह भन्सार कार्यालय पर्साका भन्सार अधिकृतले भन्सार ऐन,२०६४ को दफा १३ को उपदफा (७) बमोजिम पैठारीकर्तालाई कारण सहितको सूचना नदिई गरेको मिति २०७५।०७।०९ को निर्णय र सोही निर्णयलाई सदर गर्ने गरी मुल्यांकन पुनरावलोकन समितिबाट मिति २०७६।०५।०९ मा भएको निर्णयमा समेत कानुनको गम्भिर त्रुटी विद्यमान देखिंदा उक्त दुवै निर्णयहरु बदर गरिदिएको छ। अब भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (७) को परिपालना गरी पुनः मुल्य निर्धारण गर्नू भनि तारेखमा रहेका पुनरावेदकलाई सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया पर्साको तारेख तोकी शुरु मिसिल समेत पठाइदिने ठहर्छ। अरु तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

१. माथि ठहर खण्डमा लेखिए बमोजिम पुनरावेदक सि.जि.फुड्स(नेपाल) प्रा.लि.ले प्रज्ञापनपत्र नं. M१८३५७ बाट पैठारी गरेको मालवस्तुको भन्सार महसूल निर्धारण गर्ने गरी भन्सार अधिकृतबाट भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी मुल्यांकन पुनरावलोकन समितिबाट भएको निर्णय समेत बदर भइ भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (७) को परिपालना गरी पुनः मुल्य निर्धारण गर्न फाइल शुरु भन्सार कार्यालयमा पठाउने ठहरेकोले तारेखमा रहेका पुनरावेदकलाई शुरु भन्सार कार्यालयको तारेख तोकी फैसला सहितको शुरु मिसिल सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया पर्सामा पठाइदिनू।

२. यो फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी विशेष सरकारी वकिलको कार्यालय काठमाडौलाई पठाइदिनू।

३. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू ।

४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिइ नियमानुसार प्रतिलिपी दिनू।

५. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइ दिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमत छ ।

गोविन्दप्रसाद अधिकारी
(राजस्व सदस्य)

**लेखा सदस्य श्रीपुष्पप्रसाद गुरागाईंको फरक राय**

१) यसमा सुख्खा बन्दरगाह भन्सार कार्यालय सिर्सियाबाट भएको मिति २०७५।७।५ को निर्णय तथा मूल्याङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर काठमाडौमा मिति २०७५/७/२० दिएको निवेदन उपर समितिबाट मिति २०७६/०५/०९ मा भएको निर्णयमा चित्त नबुझि भन्सार ऐन, २०६४ को दफा ६२(१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दा ऐ. ऐनको दफा ९ को उपदफा (१) बमोजिम थप भन्सार महशुल रु.४,८३,७३७/- शतप्रतिशतले हुने पुनरावेदन धरौटी रु.४,८३,७३७/- दाखिला गराएर पुनरावेदन पत्र दर्ता गर्नु पर्नेमा धरौटी रकम पुगे/नपुगेको यकिन समेत नगरी रु.४,८३,७३७/- न्यून भएको अवस्थामा स्रेस्तेदारबाट स्वीकृत गरी मिति २०७६।०८।०२ मा पुनरावेदन दर्ता गरेको पाइयो ।

२) मूल्याङ्कन पुनरावलोकन समितिमा पुनरावलोकनका लागि निवेदन दिंदाभन्सार ऐन,२०६४ को दफा ६१ को उपदफा (७) बमोजिम सामान जाँचपास गर्दा लाग्ने भन्सार महशुल ID रु.२,४२,२७३/- VAT रु.२,४१,४६४/- समेत मिति २०७५।०७।०९ को प्रज्ञापनपत्र M१८३५७ बाट रु.४,८३,७३७/- मात्र दाखिला गरेको देखिएको छ। ऐ. ऐनको दफा ६२ तथा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) को खण्ड (ख) बमोजिम मूल्याङ्कन

पुनरावलोकनका लागि निवेदन दिएको मिति २०७५।७।२० पश्चात राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्न उक्त प्रज्ञापन पत्रानुसारको विवादित भन्सार महशुल रु.४,८३,७३७/- को शतप्रतिशतले हुने रकम धरौटी राख्नु पर्नेमा सो नराखेको कारण पुनरावेदन धरौटी रु.४,८३,७३७/- नपुग भएको छ।

प्रस्तुत मुद्दाको पुनरावेदन दर्ता गर्दा लाग्ने धरौटी सम्बन्धमा प्रचलित ऐन तथा नियमहरुमा भएको व्यवस्था तथा प्रशासकीय पुनरावलोकन र राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी सम्बन्धी विवादमा सर्वोच्च अदालतबाट संवैधानिक परीक्षण भई जारी भएको उत्प्रेषण आदेश, प्रतिपादित नजिर तथा सिद्धान्त सहितको संक्षिप्त तथ्य र मुद्दाको ठहर यस प्रकार रहेको छः-

३) भन्सार ऐन,२०६४ बमोजिम शुरुभन्सार कार्यालयबाट निर्धारित (विवादित) भन्सार महशुलको शतप्रतिशत रकम त्यस्तो निर्धारण गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने व्यहोरा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) को खण्ड (ख) मा स्पष्ट उल्लेख गरेकोछ। सो व्यवस्था बमोजिम राखिने धरौटी आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६२, हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६३ बमोजिमको धरौटी खातामा दाखिला गरी पुनरावेदन दर्ता गर्दाका बखत राखिएको धरौटीको गोश्वारा र व्यक्तिगत धरौटी खातामा अभिलेखाङ्कन गरी अद्यावधिक गरी राख्नुपर्ने हुन्छ । आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६३ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२ को देहाय खण्ड (क) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व अग्रिम रुपमा बुझाउन र खण्ड (ख) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व कति बुझाउनु पर्ने भन्ने निर्णय नहुँदै त्यस्तो राजस्व रकम अग्रिम रुपमा बुझाउनु परेमा धरौटीको रुपमा राख्नु पर्ने उल्लेख छ।

४) राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१)मा उल्लेख भए अनुसार पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी रकम सन्दर्भमा सम्मानित सर्वोच्च अदालतमा सूर्य टोवाको कम्पनी प्रा.लि.को तर्फबाट सञ्चालक हर्ष एम दर र ऐ. कम्पनीको शेयरवाला शशीराज पाण्डे समेत विरुद्ध राजस्व न्यायाधिकरण काठमाण्डौ समेत भएको राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) को खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेतसँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरिपाउन भनी दिएको रिट नं २०६३-WS-००१३, २०६३-WS-००१४, २०६३-WS-००१५, २०६३-WS-००१६ र २०६३-WS-००१७ समेतका रिट निवेदनमा “राजस्व न्यायाधिकरणका श्रेस्तेदारको मिति२०६४।१२।८ को दरपीठ आदेश र उक्त दरपीठ सदर गरेको राजस्व न्यायाधिकरणको आदेश बदर गरी विना धरौटी पुनरावेदन पत्र लिई कानून बमोजिम निर्णय गर्नु भन्ने राजस्व न्यायाधिकरणका नाउँमा परमादेश जारी गरी पाऊँ, अन्तःशुल्क ऐन, २०५८ को दफा २३ मा महानिर्देशकको निर्णय उपर पुनरावेदन गर्दा धरौटी राख्नु पर्ने कुनै कानूनी व्यवस्था नगरिएको तथा ऐनको दफा २४ ले यस ऐनलाई अन्य

कानून भन्दा माथिल्लो स्तरमा राखेकोले ऐनको सर्वोच्चताका आधारमा पनि धरौटी राख्नु पर्ने राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेत सँग बाझिएकोले धारा ८८ को उपधारा(१) अनुसार अमान्य र बदर घोषित गरी प्रस्तुत निवेदनलाई अग्राधिकारमा पेशी चढाई पाउँ" भन्ने दावी रहेकोमा सो दावीका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०६६।१२।१९ मा "संविधानमा रहेको 'कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने' भन्ने वाक्यांशसँग बाझिएको भन्ने देखिन आएन, अमान्य र बदर घोषित गरीपाउँ भनी दावी लिएको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१)को व्यवस्था संविधानको कुनै पनि प्रावधानसँग बाझिएको नदेखिंदा सो हदसम्म प्रस्तुत निवेदन खारेज हुन्छ" भन्ने आदेश भई रिट निवेदन खारेज भई ऐनको दफा ९ कोकानूनी व्यवस्थाको संवैधानिक परीक्षण समेत भएको छ।

५) यसैगरी राजस्व न्यायाधिकरण काठमाण्डौमा पुनरावेदन दर्ता नं ०७५-RB-०२३० आयकर (२०७०/०७१) दर्ता भएको आयकर ऐन,२०५८ को दफा १०१ को उपदफा (१) बमोजिम लक्ष्मी स्टिल्स प्रा.लि.को संशोधित कर निर्धारण भई थप कर निर्धारण भएकोमा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ कोउपदफा (१) बमोजिमको धरौटी राखी पुनरावेदन गर्नु पर्नेमा मिसिलमा संलग्न दाखिला भौचर तथा आयकर ऐन,२०५८ को दफा १०२ बमोजिमको सूचना पत्र समेतका विवरणहरुका आधारमा रु.५१,७८,७४६।७० नपुग भएको देखिएको धरौटी रकम १५ दिन भित्र जम्मा गर्न लगाई आदेश बमोजिमको काम सम्पन्न भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्ने भन्ने यसै न्यायाधीकरणबाट आदेश भएको छ। सो आदेश उपर लक्ष्मी स्टिल्स प्रा.लि.ले सर्वोच्च अदालतमा दायर रिट नं. ०७७-WO-००४२ को निवेदन उपर मिति २०७७।४।१६ मा सर्वोच्च अदालतबाट जारी भएको उत्प्रेषण आदेश अनुसार सो मुद्दाको हकमा आयकर ऐन,२०५८ बमोजिम अनिवार्यरुपमा दाखिला गर्नु पर्ने ऐ. ऐनको दफा ९४,९९,१००,१०१ र दफा ११५ को उपदफा (६) मा तोकिए अनुसार समेत कर राजस्व खातामा दाखिला गरी आय विवरणसाथ रु.७६,३५,६१४।- दाखिला भएको देखिएको सन्दर्भमा हेर्दा मिति २०७६।११।१२ को *(शुल्क र व्याजलाई जरिवाना मानी सो रकमकोराजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१)को खण्ड (क) बमोजिम शतप्रतिशत धरौटी माग गर्दा ५० प्रतिशत मात्र धरौटी राख्न पाउनु पर्ने भनी भएको विवाद)* विवादित आदेशको यथावत कार्यान्वयन भएमा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने देखिएकोले उक्त विवादको निरोपण नहुँदासम्म राजस्व न्यायाधिकरणमा परेको पुनरावेदन सम्बन्धी काम कारवाही नरोक्नु, पुनरावेदन दर्ता र सुनुवाई प्रकृया अगाडि वढाउनु भन्ने उक्त निवेदन उपर सम्मानित सर्वोच्च अदालतबाट उत्प्रेषण आदेश भएको छ।

६) सर्वोच्च अदालतबाटै ०७२-RB-०४७० आयकर (२०६१।६२) पुनरावेदक ठूला करदाता कार्यालय प्रत्यर्थी सूर्य नेपाल प्रा.लि. विरुद्धको मुद्दामा मिति २०७४।१०। २९ गते भएको फैसला अनुसार "राजस्व न्यायाधिकरणले गरेको आयकर ऐन,२०५८ को दफा ११५ को उपदफा (६) बमोजिमको प्रक्रिया पुरा गर्नु नपर्ने भनी गरेको व्याख्या कार्यविधि कानूनको सिद्धान्त विपरीत

हुन्छ। कारवाही हुँदाका बखत कार्यान्वयनमा नै नरहेको कानूनी व्यवस्था आकर्षित हुने भनी राजस्व न्यायाधिकरण,काठमाण्डौबाट भएको फैसलालाई न्यायोचित भन्न मिलेन। अतः विवेचित तथ्य सिध्दान्त एवं प्रमाणको आधारमा आयकर ऐन,२०५८ को दफा ११५ उपदफा (६)को व्यवस्था आर्थिक अध्यादेश २०६१।६२ बाट खारेज भई धरौटी राख्ने व्यवस्था नगरेकोले आन्तरिक राजस्व विभागको निर्णय बदर गरी अब जो जे बुझ्नु पर्छ बुझी पुनः यकिन निर्णय गर्नु भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई कानून सम्मत मान्न मिलेन। उक्त फैसला बदर भई उल्टी हुने ठहर्छ" भनिएको छ।

७) प्रस्तुत मुद्दाको पुनरावेदन दर्ता गर्दाका वखत राख्नु पर्ने धरौटी दाखिला भएको नदेखिएको सन्दर्भमा पुनरावेदक तथा प्रत्यर्थीतर्फका विद्वानलाई म लेखा सदस्यबाट धरौटी रकम दाखिला भएको देखिएन भनि प्रष्ट पार्न अनुरोध गर्दा पुनरावेदकको तर्फका विद्वान अधिवक्ता श्री मेघराज पोखरेलबाट निर्धारित करको तोकिएअनुसारको रकम अग्रिम दाखिला भएकोले सोको आधारमा पुनरावेदन दर्ता भएको हो भन्ने बहस र प्रत्यर्थी तर्फका विद्वान सहायक न्यायाधिवक्ता श्री बिमला गौतम बाट राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने विवादित कर रकमको शतप्रतिशतले हुने धरौटी रकम दाखिला गरेको देखिएन। सो सम्वन्धमा सम्मानित इजलासबाट यकिन गरी नियमानुसार हुने नै छ भन्ने बहस समेत सुनियो ।

८) उल्लिखित सर्वोच्च अदालतबाट रिट नं. ०७२-RB-०४७० आयकर (२०६१।६२) र माथि उल्लिखित रिट नं २०६३-WS-००१३ समेतका रिट निवेदनमा भएको फैसलाका आधारमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिँदा मूल्य भन्सार ऐन,२०६४ को दफा ६१ को उपदफा (७) मा तोकिए बमोजिमको भन्सार महशुल रकम दाखिला गरेपछि मात्र भन्सार मूल्याङ्कन पुनरावलोकन समितिमा पुनरावेदन लाग्ने र राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी जम्मा गरेपछि मात्र भन्सार मूल्याङ्कन पुनरावलोकन समितिको निर्णयको विरुद्धमा राजस्व न्यायाधिरणमा मुद्दा लाग्ने व्यवस्था भएकोले ऐनमा स्पष्ट रुपमा तोकिएको र सम्मानित सर्वोच्च अदालतका उल्लिखित फैसलामा उल्लेख भए अनुसार नै कर रकम र धरौटी रकम दाखिला भएको प्रमाण संलग्न गराएर मात्र दर्ता प्रकृया अगाडि बढाउनु पर्ने देखिन्छ। अतः सर्वोच्च अदालतको मिति २०६६।१२।१९ को आदेशबाट समेत संवैधानिक परीक्षण भई सदर ठहरिएको राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) “प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा वा उच्च अदालतमा पुनरावेदन गर्दा देहाय बमोजिम धरौट नराखी पुनरावेदन लाग्ने छैन” भन्ने व्यवस्था रही ऐ.को खण्ड (ख) बमोजिम भन्सार तर्फको विवादित भन्सार महशुल रु.४,८३,७३७/- को शतप्रतिशत रकम धरौटी राख्नु पर्नेमा सो गरेको नपाइएकोले नपुग रु.४,८३,७३७/- पुनरावेदन धरौटी दाखिलाको सक्कल बैक भौचर वा निस्सा १५ दिन भित्र पुनरावेदकलाई दाखिल गर्न लगाई आदेश बमोजिमको काम सम्पन्न भएपछि वा सो अवधि नाघेपछि नियमानुसार पेश गर्ने आदेश गर्नु उपयुक्त हुने राय म लेखा सदस्यबाट इजलासमा राख्दा मेरो उक्त रायमा असहमति जनाउँदै माननीय अध्यक्ष र राजस्व सदस्यबाट फैसला गर्ने निर्णय भएकोमा राजस्व न्यायाधिकरण ऐन

२०३१ को दफा ९ को उपदफा (१) बमोजिम हुने रु.४,८३,७३७/- धरौटी नराखी पुनरावेदन दर्तै नलाग्ने पुनरावेदन दर्ता भएको प्रस्तुत मुद्दाको सो निर्णयमा सहमत हुन सकिएन।

९) अतः राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी सम्बन्धमा आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६३ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२, सर्वोच्च अदालतबाट रिट नं २०६३-WS-००१३ समेतका रिट निवेदन र मुद्दा नं. ०७२-RB-०४७० आयकर (०६१।६२) का फैसलामा भएको व्याख्या, विश्लेषण र प्रतिपादित सिद्धान्त तथा ठहर समेत बमोजिम पनि अनिवार्य रुपमा राख्नु पर्ने धरौटी नराखी दर्ता भएको मुद्दाको तथ्य भित्र प्रवेश गरी निर्णय गर्नु पर्ने औचित्य नै नभएको प्रस्तुत मुद्दामा माननीय अध्यक्ष र राजस्व सदस्यबाट *"पुनरावेदकले प्रज्ञापन पत्र नं. M१८३५७ बाट पैठारी गरेको मालवस्तुको कारोबार मुल्यलाई अमान्य गरी भन्सार ऐन,२०६४ को दफा १३ को उपदफा (९) बमोजिम मुल्य निर्धारण गर्दा शुरु सुख्खा बन्दरगाह भन्सार कार्यलिय पर्साका भन्सार अधिकृतले भन्सार ऐन,२०६४ को दफा १३ को उपदफा (७) बमोजिम पैठारीकर्तालाई कारण सहितको सूचना नदिई गरेको मिति २०७५।०७।०९ को निर्णय र सोही निर्णयलाई सदर गर्ने गरी मुल्यांकन पुनरावलोकन समितिबाट मिति २०७६।०५।०९ मा भएको निर्णयमा समेत कानुनको गम्भिर त्रुटी विद्यमान देखिंदा उक्त दुवै निर्णयहरु बदर गरिदिएको छ।अब भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (७) को परिपालना गरी पुनः मुल्य निर्धारण गर्नू भनि तारेखमा रहेका पुनरावेदकलाई सुख्खा बन्दरगाह भन्सार कार्यलय, सिर्सिया पर्साको तारेख तोकी शुरु मिसिल समेत पठाइदिने ठहर्छ "* पुनः मुल्य निर्धारण गर्नू भनि भएको बहुमत सदस्यको फैसलामा सहमत हुन नसकी देहाय बमोजिम फरक राय सहितको ठहर गर्दछु:-

भन्सार ऐन,२०६४ बमोजिमको थप निर्धारित भन्सार महशुल रु.४,८३,७३७/- को ऐ.ऐनको दफा ६२ तथा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) को खण्ड (ख) बमोजिम शतप्रतिशतले हुने रु.४,८३,७३७/- धरौटी नराखी पुनरावेदन दर्ता भएको देखिएको प्रस्तुत मुद्दाको तथ्य भित्र प्रवेश गरी निर्णय गर्नुपर्ने औचित्य नदेखिएकोले राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम दर्ता हुँदा कै बखत देखि खारेज हुने ठहर्छ।करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन । नियमानुसार जानकारी दिई लगत कट्टागर्नू।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग पुऱ्याउनहुने:-</u>

शाखा अधिकृत: सनिता लामा

फैसला मिति: २०७९।०२।२६।५

फैसला प्रमाणिकरण मिति:

न्यायाधिकरणको छाप: